नेपाल सरकार
राष्ट्रिय योजना आयोग

पत्र संख्याः-
चलानी संख्याः-

सिंहदरबार, काठमाडौं

# प्रेस विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष श्री पुष्पकमल दाहाल "प्रचण्ड" को अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समितिको ५०औं बैठक मिति २०७९/१२/२३ गते सिंहदरबारमा बसी विकास आयोजना तथा कार्यक्रमको प्रगति र समीक्षा एवम् कार्यान्वयनमा देखापरेका समस्याहरूको उचित समाधानका लागि लिनुपर्ने नीतिगत निर्णय बारेमा छलफल भयो।

उक्त बैठकमा माननीय उपप्रधानमन्त्रीहरू, मन्त्रीहरू, मुख्यमन्त्रीहरू, प्रधानमन्त्रीका प्रमुख सल्लाहकार, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, महालेखा परीक्षक, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष, नेपाल सरकारका मुख्य सचिव, प्रधानसेनापती, राष्ट्रिय योजना आयोगका सदस्यहरू, नेपाल राष्ट्र बैंकका गभर्नर, नेपाल सरकारका सचिवहरू, प्रदेश सरकारका प्रमुख सचिवहरू, जिल्ला समन्वय समिति महासंघ, नगरपालिका संघ एवम् गाउँपालिका महासंघका अध्यक्षहरू तथा अन्य विशिष्ट पदाधिकारीहरूको उपस्थिति रहेको थियो।

सम्माननीयज्यूबाट बैठकको अध्यक्षता ग्रहणपछि राष्ट्रिय योजना आयोगका सचिव श्री केवल प्रसाद भण्डारीले स्वागत मन्तव्य तथा कार्यक्रमको विषयवस्तुबारे जानकारी गराउनु भएको थियो।

उक्त कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठले आर्थिक वर्ष २०७८/७९ को वार्षिक एवम् चालु आर्थिक वर्ष २०७९/८० को ६ महिनाको अवधिको समष्टिगत आर्थिक परिसूचक एवम् खर्च र प्रगतिको समीक्षात्मक प्रस्तुति गर्नुभयो। समग्रमा यो अवधिमा चालु खर्चको अवस्था सन्तोषजनक भएतापनि पूँजीगत खर्च अपेक्षित हुन नसकेको तथा १५औं योजना कार्यान्वयनको शुरूवाती वर्षदेखि नै कोभिड-१९ को महामारीको प्रत्यक्ष प्रभाव र रूस-यूक्रेन युद्धका कारण विश्व अर्थतन्त्रमा परेको असरले नेपाल पनि अछुतो रहन नसकेकोले योजनाले लिएका लक्ष्य अनुरूप नतिजा हासिल हुन कठिन भएको बताउनु भयो। साथै उहाँले योजना आयोगको तर्फबाट राष्ट्रिय विकास समस्या समाधान उपसमितिले आयोगमा छलफल गरी समितिमा सिफारिस गरेका मन्त्रालय एवम् प्रदेश सरकारस्तरीय विकास सम्बन्धी समस्या र समाधानका उपायहरू बैठकमा प्रस्तुत गर्नु भयो।

आयोजना तथा कार्यक्रमहरूको कार्यान्वयनमा देखिएका समस्याहरू र समाधानका सन्दर्भमा गाउँपालिका महासंघ, नगरपालिका संघ, जिल्ला समन्वय समिति महासंघका अध्यक्षहरू, नेपाल राष्ट्रबैंकका गभर्नर, मुख्य सचिव, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष, महालेखा परीक्षक, मुख्यमन्त्रीहरू, मन्त्रीहरू एवम् अर्थमन्त्रीले सङ्घीयताको कार्यान्वयन, तीन तहका सरकारहरूवीच समन्वय, जनशक्ति व्यवस्थापन, आयोजनाको छनौटमा हुने दोहोरोपना, विकास आयोजनामा न्यून खर्च गर्ने प्रवृत्ति, आयोजना सुशासन तथा विद्यमान आर्थिक अवस्थाका बारेमा सुझाव सहित आ-आफ्नो धारणा राख्नु भएको थियो।

कार्यक्रममा उठेका विषयवस्तुउपर आयोगका उपाध्यक्षले थप स्पष्ट पार्दै विकास आयोजनाहरुको कार्यान्वयनमा आयोगले निरन्तर सहजीकरण गर्ने र समस्या समाधानका लागि प्रयत्न गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो। साथै

फोनः ०१-४२११०३२, ४२१११३२, ४२११००४, फ्याक्सः ०१-४२११७००, ईमेलः npc@npc.gov.np, वेबः www.npc.gov.np

नेपाल सरकार
# राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं

पत्र संख्याः-
चलानी संख्याः-

यस अवधिमा राजश्व संकलनमा आएको संकुचन र वैदेशिक सहायता परिचालन प्रभावकारी हुन नसकेकोले विकास कृयाकलापमा गतिशिलता आउन नसकेको बताउनु भयो।

समग्र कार्यक्रमलाई सहजीकरण गर्दै प्रस्तुति तथा छलफलको अन्त्यमा सम्माननीय प्रधानमन्त्री एवं राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्षज्यूले मुलुकको समग्र विकास निर्माणको सन्दर्भमा हासिल भएका प्रमुख उपलब्धीहरुको समीक्षाका साथै विकास आयोजना र कार्यक्रमहरुको कार्यान्वयनमा देखिएका समस्याहरुको पहिचान गरी तत्काल समाधान गर्ने र आगामि दिनमा विकास निर्माणका कार्यलाई अझ गति दिई प्रभावकारी र नतिजामुखी बनाउन यस बैठकले मद्दत गर्ने विश्वास लिएको बताउनु भयो।

साधारण खर्चमा आवश्यक मितव्ययीता अपनाई कार्यक्रमलाई प्राथमिकीकरण गर्ने र पूँजीगत खर्च वृद्धि गर्ने तर्फ ध्यान दिनुका साथै आयोजना व्यवस्थापनलाई थप प्रभावकारी बनाउन आयोजना वर्गीकरणको आधार र मापदण्ड अनुसार आयोजनाको छनौट तथा कार्यान्वयनमा तीनै तहका सरकार केन्द्रित हुनुपर्ने बताउनु भयो। मुलुकको दिगो शान्ति, सुशासन, विकास र समृद्विको आकांक्षा पुरा गर्ने गरी १६औं योजना तर्जुमाको तयारीमा जुट्न सबैलाई आग्रह गर्नु भयो।

यसैगरी नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको माध्यमबाट सुशासन, विकास र समृद्धि हासिल गरी स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने उद्देश्य पुरा गर्न सबै पक्ष लाग्नु पर्नेमा जोड दिनु भयो। सन् २०३० सम्म दिगो विकास लक्ष्यले लिएका सूचकहरू पुरा गर्न सरकारी, निजी, सहकारी तथा अन्य क्षेत्रहरूका बीच आवश्यक सहजीकरण गर्ने र प्रदेश सरकार तथा स्थानीय तहका विकास आयोजना र कार्यक्रमहरूमा आन्तरिकीकरण गर्न एवम् सन् २०२६मा विकासशील राष्ट्रमा स्तरोन्नतीकालागि गर्नुपर्ने तयारी कार्यहरू सजगतापूर्वक सम्पन्न गर्नेतर्फ ध्यान दिन सम्बन्धित सरोकारवाला निकायहरूलाई सुझाव दिनुभयो।

वेरोजगारलाई देशभित्रै रोजगारीका अवसरहरूको सृजना गर्ने, आम नागरिकलाई सामाजिक सुरक्षाको दायराभित्र ल्याई संरक्षणको प्रत्याभूति गर्दै गरिवी न्यूनिकरण गर्ने र आन्तरिक उत्पादन तथा उत्पादकत्वमा वृद्धि एवम् उद्यमशीलताको विकासमा जोड दिई आयातको उचित व्यवस्थापनको माध्यमबाट बढ्दो व्यापार घाटा न्यून गर्न र अर्थतन्त्रको अहिलेको अवस्थालाई सम्बोधन गर्नेगरी उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयलाई ठोस कार्ययोजना तयारी कार्य अघि बढाउन निर्देशन दिंदै बैठकको समापन गर्नुभयो।

मितिः २०७९/१२/२३

डा. राम कुमार फुयाल
सदस्य तथा प्रवक्ता